# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

## परीक्षा नियन्त्रण महाशाखा


डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५१९५५६८ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org


मितिः- २०७९ । ०१ । ०९

### स्नातकोत्तर तहको नियमित परीक्षा - २०२२ को फाराम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित Master of Business Studies (MBS) र Master of Public Administration (MPA) कार्यक्रममा २०७६ साल (सन् २०२०) मा भर्ना भएका परीक्षार्थीहरुको तेश्रोसत्रको नियमित र सन् २०२० अघि भर्नाभई तेश्रोसत्रको नियमित परीक्षामा सामेलभै अनुर्तिण वा अनुपस्थित भएका आंशिक परीक्षार्थीहरु (नियमित परीक्षाको आंशिक परीक्षार्थी) समेतको तेश्रो सत्रको नियमित परीक्षा मिति **२०७९ जेठ महिनाको तेश्रो सातादेखि** संचालन हुने भएकोले आफू सम्मिलित हुन चाहेको विषयहरु स्पष्ट उल्लेखगरी परीक्षा फर्म सम्बन्धित क्याम्पस/कलेजमा मिति २०७९ । ०२ । ०५ गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०७९ । ०२ । ०९ गतेभित्र यस परीक्षा नियन्त्रण महाशाखामा तपशिल बकोजिमको आवश्यक शूल्क सहित अनिवार्य रुपमा उपलब्ध गराउन सम्वन्धित् क्याम्पस / कलेजहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

**नियमित परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु १५००।-

**आंशिक परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति विषय : रु ३००।-

**विलम्ब शूल्क :** फाराम भर्ने म्याद सकिएको (२०७९ । ०२ । ०५) भोलिपल्ट देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु २००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ४००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- रहेको छ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

***नोटः***

*(क) नियमित परीक्षार्थिहरुको हकमा दोश्रोसत्रको प्रवेशपत्रको फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा तेश्रोसत्रको नियमित परीक्षाको Grade Sheet को प्रतिलिपि अनिवार्यरुपमा परीक्षाफारम सँगैं संलग्न गर्नुपर्नेछ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ख) परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।*

*(ग) परीक्षार्थीहरुको **आन्तरिक मुल्याङ्कन संकायको Website मा उपलब्ध नमुना बमोजिमको समष्टिगत विवरण** परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्ममा समेत उल्लेख गर्नु का साथै यस संकायको email id: mgmtdean.exam@gmail.com मार्फत पठाउनुपर्नेछ । **आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्विकृत गरीने छैन ।***

*(घ) परीक्षा फारम यस संकायको परीक्षा नियन्त्रण महाशाखाबाट उपलब्ध हुनेछ अन्यथा www.fomecd.edu.np बाट Download गरि Legal size paper मा print गरि भर्न सकिनेछ ।*

*(ङ) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९९०६६०००००१ मा जम्मा गरी सोको सक्कल भैचर परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।*

डा. श्रीकृष्ण खरेल
सहायक डीन